# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, चैत २९ गते, २०८० साल (सङ्ख्या ०७

## भाग २

गण्डकी प्रदेश सरकार

**कृषि तथा भूमि व्यवस्था मन्त्रालयको सूचना**

**गण्डकी प्रदेश सहकारी (पहिलो संशोधन) नियमावली, २०८०**

सहकारी नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा १०१ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमको नाम "गण्डकी प्रदेश सहकारी (पहिलो संशोधन) नियमावली, २०८०" रहेको छ ।

२. **सहकारी नियमावली, २०७६ को प्रस्तावनामा संशोधनः** सहकारी नियमावली, २०७६ (यस पछि "मूल नियम" भनिएको) को प्रस्तावनामा "को दफा १०१"

भन्दा अगाडि रहेको "सहकारी ऐन, २०७५" को सट्टा "गण्डकी प्रदेश सहकारी ऐन, २०७५" राखिएको छ ।

३. **मूल नियमको नियम १ मा संशोधनः** मूल नियमको नियम १ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) उपनियम (१) मा "यो नियमावलीको नाम" पछाडी रहेको "सहकारी नियमावली, २०७६" सट्टा "गण्डकी प्रदेश सहकारी नियमावली, २०७६" राखिएको छ।

(२) उपनियम (३) झिकिएको छ ।

४. **मूल नियमको नियम २ मा संशोधनः** मूल नियमको नियम २ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) खण्ड (ख) मा "भन्नाले" पछाडि रहेको "गण्डकी प्रदेशको सहकारी ऐन, २०७५" को सट्टा "गण्डकी प्रदेश सहकारी ऐन, २०७५" राखिएको छ।

(२) खण्ड (ट) मा "भन्नाले" पछाडि रहेको "भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश" को सट्टा "प्रदेशको सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय" राखिएको छ।

५. **मूल नियमको नियम २३ मा संशोधनः** मूल नियमको नियम २३ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) उपनियम (१) को खण्ड (छ) मा "खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहवरमा लिलाम विक्रीको शिलबन्दी खोलेपछि विनियमले तोके बमोजिमको ढाँचाको फाराममा निजहरुले बोलेको अंक अक्षर स्पष्ट खोली निजहरुको सहिछाप गराउनुपर्नेछ।" को सट्टा "खण्ड (च) बमोजिमका प्रतिनिधिहरुको रोहवरमा डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि संस्थाको विनियम वा आन्तरिक कार्यविधिमा तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक र अक्षर स्पष्ट खोली निजको सहीछाप गराउनुपर्नेछ" राखिएको छ।

(२) उपनियम (१) को खण्ड (ज) झिक्नपर्ने।

६. **मूल नियमको नियम २९ मा संशोधनः** मूल नियमको नियम २९ मा देहाय बमोजिम संशोधन गरिएको छः-

(१) उपनियम (१) को खण्ड (ग) मा "सदस्य संख्या बाह्र हजार भन्दा बढी भएको हुनुपर्ने, तर, एक भन्दा बढी स्थानीय तहहरु वा एक भन्दा बढी जिल्लाहरु सम्म कार्यक्षेत्र रहेका संस्थाहरुको विभाजन गरी एक एक स्थानीय तहसम्म स्थानीयकरण गर्दा यो खण्ड लागू हुने छैन।" को सट्टा "सम्पूर्ण सेयर सदस्य संख्याको कम्तीमा पच्चीस प्रतिशत सदस्यले विभाजनको प्रस्ताव माग गरेमा" राखिएको छ।

(२) उपनियम (२) मा "विभाजनका अन्य शर्त, आधार र प्रकृया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ" को सट्टा "सहकारी संस्था विभाजन गर्दा मौजुदा कारोबारको प्रकृति अनुसार ऐनको दफा १८ बमोजिमको विषयगत वर्गीकरण मिल्ने गरी फरक फरक भौगोलिक कार्यक्षेत्र कायम राखी विभाजन गर्न सकिनेछ" राखिएको छ।

(३) उपनियम (३) मा "विभाजनका अन्य शर्त, आधार र प्रकृया मन्त्रालयबाट स्वीकृत कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ" राखी थप गरिएको छ।

आज्ञाले,

डा. टंक प्रसाद प्रसाईं

प्रदेश सरकारको सचिव